गण्डकी प्रदेश सरकार

# सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय

पोखरा, गण्डकी प्रदेश, नेपाल

## युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साति गर्न लागु औषध दुर्व्यसन विरुद्धको कार्यक्रम कार्यान्वयन एवं संचालन प्रक्रियमा लागत साझेदारी गर्न इच्छुक संघ, संस्थालाई सचिकृत हुने सम्बन्धि सूचना

*प्रथम पटक प्रकाशित मिति : २०८१/०८/०६ गते ।*

सचेतना र परामर्शको माध्यमबाट 'युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साति गर्न' सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयले आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक विकास कार्यक्रम बमोजिम सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थालाई समेत परिचालन गरि लागु औषध विरुद्ध सचेतना तथा परामर्श कार्यक्रम संचालन गर्न रु ५,०००००/- अक्षरुपी पाँच लाख रुपैयाँ बजेट विनियोजन भएकोले लागत साझेदारीको माध्यमवाट कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न सक्षम र इच्छुक सरकारी, निजी क्षेत्र र गैह्रसरकारी संघ संस्थाहरुलाइ आफ्नो प्रस्तावित कार्यक्रम र देहायवमोजिमका कागजात/विवरण संलग्न गरि सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**क. प्रस्ताव माग गर्ने सार्वजनिक निकायको नाम र ठेगाना :** सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय

**ख. प्रस्तावित कार्यको प्रकृति :** युवालाई दुर्व्यसन र विकृतिमा लाग्न निरुत्साहित गर्ने

**ग. कार्यक्रम गर्नुपर्ने स्थान :** गण्डकी प्रदेशका २ वा सो भन्दा वढी स्थान (पालिका वा जिल्ला)

**घ. प्रस्ताव पेश गर्ने अन्तिम मिति र स्थान :** २०८१/०८/२० (सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखरा)

**ङ. प्रस्तावको ढाँचा :** कुल लागत रकम, लागत साझेदारी गर्ने चाहेको रकम, कार्यक्रम गर्न चाहेको पालिका वा जिल्ला, सहभागीताको अनुमानित संख्या, कार्यक्रमको प्रकृति र कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र खर्चको विवरण (प्रदेश खर्चको मापदण्ड भित्र पर्नेगरी) सहित संस्थाको आधिकारिक लेटर प्याडमा प्रस्ताव तयार गरि पेश गर्ने ।

**च. पेश गर्नुपर्ने कागजात :**

- कार्यक्रम प्रस्ताव सहितको निवेदन (संस्थाको आधिकारिक लेटरहेडमा)
- सरकारी निकायवाट जारी भएका वा अनुमती प्राप्त गरेका संस्था दर्ता प्रमाण पत्रहरु
- संचालकहरुको ने.ना.प्र.प. तथा परिचय पत्रको प्रतिलिपि
- गण्डकी प्रदेश सरकारबाट स्वीकृत खर्चको मापदण्ड, २०७९ बमोजिम कार्यक्रम सञ्चालन/कार्यान्वयन प्रस्ताव र आर्थिक (आय/व्यय) खर्च प्रस्ताव अलग अलग तयार गरि पेश गर्नुपर्नेछ ।

**छ. भुक्तानीको शर्त :** कार्यक्रम सम्पन्न भएर विल, भरपाई, प्रतिवेदन प्राप्त भएपछि नियमानुसारका कर ( पारिश्रमिक कर, अग्रीम आय कर, वहाल कर ...इत्यादी) कट्टी गरी पाउनु पर्ने रकम भुक्तानी गरिनेछ ।

थप जानकारीका लागी :

फोन : ५९०२४२, ५९०२४३ इमेल : moys.gandaki@gmail.com website : mosd.gandaki.gov.np

**उपसचिव**

**युवा तथा खेलकुद महाशाखा**